**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ मई २०२४

समयः १५:४५ – १५:५५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. लोकसभा चुनावको सातौं र अन्तिम चरणका लागि प्रचार तीव्र गतिमा भइरहेको छ।
२. भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रष्टाचारीहरु बिरुद्ध  कारबाही आगामी जुन ४ पछि अझ तीव्र बनाइने बताउनु भएको छ ।
३. भारतले पपुवा न्युगिनीलाई विनाशकारी पहिरोपछि राहतए  पुनस्र्थापना र पुनर्निर्माणमा सहयोग गर्न १० लाख अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेको छ।
४. आयुष मन्त्रालयका सचिव वैद्य राजेश कोटेचाले आयुष क्षेत्रको विकासका लागि थप अनुसन्धानको खाँचो रहेको बताउनु भएको छ ।
५. आज **मासिक धर्म** स्वच्छता दिवस हो। यस वर्षको बिषय - श्पिरियड अनुकुल बिश्व श्  रहेको छ।

**सातौ चरण -लोकसभा चुनाव**

लोकसभा चुनावको सातौं र अन्तिम चरणका लागि प्रचार तीव्र गतिमा भइरहेको छ। राष्ट्रिय लोकतान्त्रिक गठबन्धनए महागठबन्धन र अन्य दलका नेताहरूले निरन्तर रैलीको आयोजना गरिरहेका छन्। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज उडिसाको जजपुरमा आयोजित चुनावी जनसभालाई सम्बोधन गर्नुभयो स उहाले उत्तर प्रदेशको कुशीनगरए  सलेमपुर र चन्दौली लोकसभा निर्वाचन क्षेत्रमा चुनावी प्रचार गर्नुहुनेछ । भारतीय जनता पार्टीका अध्यक्ष जगतप्रकाश नड्डाले आज हिमाचल प्रदेशको रोहडूमा चुनावी जनसभालाई सम्बोधन गर्नुभयो । उहाले वाराणसीमा विभिन्न कार्यक्रममा नागरिकए बुनकर, कलाकार र मतदातासँग अन्तरक्रिया गर्नुहुनेछ । भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा मध्य प्रदेशका मुख्यमन्त्री डा मोहन यादवले पटनाको मानेरमा एक जनसभालाई सम्बोधन गर्नुहुनेछ ।

****** ० ******

**प्रधानमंत्री- भाजपा**

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रष्टाचारीहरु बिरुद्ध  कारबाही आगामी जुन ४ पछि अझ तीव्र बनाइने बताउनु भएको छ । झारखण्डको दुमका विमानस्थलको मैदानमा आयोजित जनसभालाई सम्बोधन गर्नुहुदै श्री  मोदीले झामुमो र कंग्रेसले झारखण्डलाई लुटेको र आफ्नो शासनकालमा धन संग्रह  गरेको आरोप लगाउनु भएको छ। उहाले  भ्रष्ट मन्त्रीए सांसद र कर्मचारीहरुको घरमा छापा मार्दा ठूलो परिमाणमा नगद बरामद भएको बताउनु भएको छ । श्री मोदीले भन्नुभएको छ -एष्सन् २०१४ भन्दा पहिला  देशका जनता कांग्रेसको कुशासनबाट त्रस्त थिए। झामुमोए  कांग्रेसए  राजद र इन्डि गठबन्धन भ्रष्टाचार र तुष्टीकरणको सबैभन्दा ठूलो उदाहरण बनेको  आरोप लगाउनु हुदै  श्री मोदीले भन्नुभयोए  ष्मैले देशलाई यी कुरीतिहरूबाट मुक्त गर्ने प्रतिज्ञा गरेको छु। झामुमो नेतृत्वको गठबन्धनले झारखण्डमा  घुसपैठिहरुलाई संरक्षण दिइरहेको र आदिवासी जनताको हितलाई अनदेखा  गरेको उहाले आरोप लगानुभाएको छ । झारखण्डको गोड्डा,  दुमका र साहिबगञ्ज निर्वाचन क्षेत्रमा १ जुन मा अन्तिम चरणको मतदान हुनेछ।

****** ० ******

**उत्तर प्रदेशमा लोकसभा चुनाव**

उत्तर प्रदेशमा लोकसभा चुनावको अन्तिम र अन्तिम चरणका लागि प्रचार तीव्र पारिएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले गोरखपुरबाट भारतीय जनता पार्टीका उम्मेदवार रवि किशनका लागि चुनावी प्रचार गर्नुभएको छ । कम्पियारगञ्ज क्षेत्रमा आयोजित एक राजनीतिक सभालाई सम्बोधन गर्नुहुदै श्री  योगीले भाजपा सरकारले गरिब र दलितका लागि धेरै काम गरेको र केन्द्रमा तेस्रो पटक मोदी सरकार बनेपछि ७० वर्षभन्दा माथिका व्यक्तिलाई ५ लाख रुपैयाँको निःशुल्क स्वास्थ्य उपचारको लागि छुट्टै आयुष्मान कार्ड प्रदान गरिने बताउनु भएको छ ।

****** ० ******

**पापुआ न्यू गिनी -भारत सहयोग**

भारतले पपुवा न्युगिनीलाई विनाशकारी पहिरोपछि राहतए पुनस्र्थापना र पुनर्निर्माणमा सहयोग गर्न १० लाख अमेरिकी डलर सहयोग गर्ने घोषणा गरेको छ। पपुवा न्यु गिनीको आंगा प्रान्तमा गत २४ तारिख विनाशकारी पहिरो झरेको थियो । यस पहिरोमा सयौं मानिस पुरिएका थिए र ठूलो जनधनको क्षति भएको छ । भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छए श्भारत पपुवा न्युगिनीको विनाश र कठिन समयमा यस प्राकृतिक विपत्तिको साथमा उभिएको छ। मन्त्रालयले आपद जोखिम न्यूनीकरण र प्रबन्धन भारतको इन्डो–प्यासिफिक ओसियन इनिसिएटिभ (आइ.पी.ओ.आई.) को प्रमुख स्तम्भ भएको जनाएको छ । सन् २०१९ को नोभेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदीले यसको घोषणा गर्नुभएको थियो । भारत मानवीय सहायता र विपद् राहतका लागि प्रतिबद्ध रहेको मन्त्रालयले जनाएको छ।

****** ० ******

**प्रधानमंत्री -आरक्षण**

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले आरक्षणको नाममा कंग्रेसले भोट बैंकको राजनीति गरिरहेको आरोप लगाउनु भएको छ । एक समाचार एजेन्सीलाई दिएको अन्तर्वार्तामा उहाले विपक्षीले भोट बैंकको राजनीतिका लागि भारतको संविधानको मूल मर्मको उल्लङ्घन गरिरहेको बताउनु भएको छ । उहाले अझ भन्नुभयो -बिपक्षी दलहरुले एस.सी.ए एस.टी र ओ.बी.सी.लाई धोका दिइरहेका छन्। श्री मोदीले समुदायका जनताको अधिकार रक्षाका लागि अग्रसर रहने बताउनु भएको छ । प्रवर्तन निदेशालयए सीबीआई र आयकर विभागलाई आफू विरुद्ध प्रयोग गरिएको विपक्षीको आरोपबारे प्रधानमन्त्री श्री मोदीले आफ्नो सरकार भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिमा विश्वास गर्ने बताउनु भएको छ ।

******** ० ********

**रेमल** - पश्चिम बङ्गाल

पश्चिम बङ्गालमा रेमल आँधीका कारण ६ जनाको मृत्यु भएको छ। २४ परगना जिल्लाए कोलकाता र छेउछाउका जिल्लाहरुमा वर्षा र आधीहुरी रोकिएको छ। रेमलको प्रभावका कारण दक्षिण र उत्तर २४ परगना जिल्लाको तटीय क्षेत्रमा ठूलो भाग पानीमा डुबेको छ। समुद्री पानी तटीय क्षेत्रमा रहेका कृषि भूमि र मत्स्यपालन क्षेत्रमा प्रवेश गरेको छ। मानिसहरु सरकारी आश्रय स्थलबाट घर फर्किन शुरु गरेका छन्।

****** ० ******

**रेमल -बंगलादेश**

चक्रवाती तुफान रेमलले बङ्गलादेशको तटीय क्षेत्रमा ब्यापक क्षति पुर्याएको छ। तुफानका कारण कम्तीमा १३ जनाको मृत्यु भएको छ। आँधीका कारण बङ्गलादेशको खुल्नाए बरिसाल र चट्टग्राम डिभिजनमा ३० हजार भन्दा अधिक घरहरु क्षतिग्रस्त भएका छन् भने एक लाख ५० हजार भन्दा अधिक घरहरु प्रभावित भएका छन्। तुफानका कारण ३७ लाखभन्दा अधिक मानिसहरु प्रभावित भएका छन्।

****** ० ******

**आयुष मन्त्रालय**

आयुष मन्त्रालयका सचिव वैद्य राजेश कोटेचाले आयुष क्षेत्रको विकासका लागि थप अनुसन्धानको खाँचो रहेको बताउनु भएको छ । उहाले ए श्पछिल्लो १० वर्षमा मन्त्रालयले धेरै अनुसन्धानमा आधारित काम गरेको बताउनुभएको छ । श्री कोटेचाले आज नयाँ दिल्लीमा आयुरज्ञान एण्ड टेक्नो इनोभेसन (प्रगति–२०२४) मा फर्मा रिसर्चको उद्घाटन पछि पत्रकारहरु सँग कुराकानी गर्दै यस आशयको जानकारी दिनुभएको हो । आयुष मन्त्रालय अन्तर्गतको अनुसन्धान निकाय केन्द्रीय आयुर्वेदिक विज्ञान अनुसन्धान

परिषद् (सी.सी.आर.ए.एस.) ले उक्त कार्यक्रमको आयोजना गरेको हो । श्री कोटेचाले यस क्षेत्रमा वैश्विक मापदण्ड पूरा गर्न सबै सरोकारीहरु मिलेर काम गर्न आवश्यक रहेको बताउनु भएको छ । उहाले देशलाई परम्परागत औषधिको देश बनाउने दिशामा मन्त्रालयले पनि काम गरिरहेको बताउनु भएको छ ।

****** ० ******

**लोकसभा अध्यक्ष ओम बिरला**

लोकसभा अध्यक्ष ओम बिरलाले निवर्तमान १७ औं लोकसभा महिला आरक्षण विधेयक पारित गर्नेए तीन तलाकको उन्मूलन र भारतीय न्याय संहिता विधेयक जस्ता ऐतिहासिक विधेयकहरूको लागि परिचित हुने बताउनु भएको छ। नयाँ दिल्लीमा आकाशवाणी समाचारसँग विशेष कुराकानी गर्नुहुदै श्री बिरलाले आफ्नो पाँच वर्षे कार्यकालको स्मरण गर्नुभयो र भन्नुभयो - यी कानूनले देशलाई अगाडि बढाउने र सकारात्मक परिवर्तन ल्याउनेछ । उहाले १७ औं लोकसभामा हुने चर्चा र बहसले सन् २०४७ सम्ममा विकसित भारत निर्माणको रोडम्यापको रुपमा काम गर्ने धारणा व्यक्त गर्नुभएको छ ।

****** ० ******

**राष्ट्रीय जांच एजेंसी.एनआईए**

भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी (एन.आई.ए) ले मानव तस्करी तथा साइबर ठगी गर्ने गिरोह विरुद्धको ठूलो कारबाहीमा पाँच जनालाई पक्राउ गरेको छ। ६ वटा राज्य र केन्द्र शासित प्रदेशका १५ स्थानमा राज्य पुलिस बलले संयुक्त कार्वाही गरे पछि यो सफलता प्राप्त भएको एनआईए सूत्रले बताएको छ । अभियुक्तहरूलाई वडोदराए गोपालगञ्जए दक्षिण-पश्चिम दिल्लीए गुरुग्राम र चण्डीगढबाट पक्राउ गरिएको थियो। उनीहरु सबैले भारतीय युवाहरुलाई रोजगारको झुटो आश्वासन दिएर विदेश लैजाने नेटवर्कका लागि काम गरिरहेका थिए।

****** ० ******

**प्रधानमंत्री-वीर सावरकर**

प्रधानमंत्री नरेन्द्र मोदीले आज महान स्वतंत्रता सेनानी वीर सावरकर लाई उँहाको जयंतीमा श्रद्धांजलि अर्पण गर्नुभएको छ। एक सोशल मीडिया पोस्ट मार्फत श्री मोदीले वीर सावरकरले मातृभूमिको सेवामा आफ्नो सम्पूर्ण जीवन समर्पित गरेको बताउनु भएको छ। श्री मोदीले देशवासीहरुका लागि वीर सावरकर सदैव प्रेरणाको स्रोत बनि रहने बताउनुभएको छ स

****** ० ******

**मासिक धर्म**

आज **मासिक धर्म** स्वच्छता दिवस हो। यस वर्षको बिषय - श्पिरियड अनुकुल बिश्व१ रहेको छ।यस अवसरमा पुडुचेरीका पूर्व उपराज्यपाल डा. किरण बेदीले मासिक धर्म स्वास्थ्य प्रबन्धन प्रणालीलाई मजबुत बनाउन व्यापक अनुसन्धान गर्न सरोकारीहरुलाई आह्वान गर्नुभएको छ । एसोचैमले नयाँ दिल्लीमा आयोजना गरेको मासिक धर्म स्वच्छता प्रबन्धन कन्क्लेभलाई सम्बोधन गर्नुहुदै डाक्टर बेदीले नीतिगत हस्तक्षेप अत्यन्त महत्वपूर्ण रहेको बताउनु भएको छ । डा. बेदीले पानी र ग्याँसजस्तै स्यानिटरी प्याड पनि महिलाहरुका लागि आवश्यक रहेको बताउनु भएको छ

************

**भारतीय तटरक्षक बल**

भारतीय तटरक्षक बल (आई.सी.जी) ले केन्द्रीय र राज्य एजेन्सीहरूसँग अनुकरणीय तालमेल प्रदर्शन गरेको छ जसले गम्भीर चक्रवाती तूफान - श्रेमल१ बाट उत्पन्न स्थितिलाई सफलतापूर्वक सामना गर्न मद्दत पुर् याएको छ। यो चक्रवाती तुफान २२ मईमा न्यून चापीय क्षेत्रको रूपमा उत्पन्न भएको थियो र पश्चिम बङ्गाल र बङ्गलादेशको तटमा पुग्न अघि तीव्र चक्रवाती आँधीमा परिणत भएको थियो। रक्षा मन्त्रालयले एक बयानमा यस आशयको जानकारी दिएको छ।

************